सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १४६ ♦ २०८२ साल माघ १५ विहिवार ♦ 29 Jan 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## महोत्तरीमा जेनजीको राजनीतिक प्रवेश: आठ युवा उम्मेदवार



**अजयकुमार साह**

**माघ १४ गते, बर्दिवास**

महोत्तरीको राजनीतिक परिदृश्य यसपटक केही फरक देखिएको छ । प्रतिनिधिसभा निर्वाचनका लागि दर्ता भएका उम्मेदवार हरूको सूचीले पछिल्लो समय देशभर उठेको ‘जेनजी’ अर्थात् नयाँ पुस्ताको राजनीतिक चेतनालाई आंशिक रूपमा प्रतिबिम्बित गरेको छ । विशेषगरी गत भदौ महिनामा भएको नवयुवाहरूको आन्दोलनपछि युवाहरूले र ाजनीति प्रत्यक्ष हस्तक्षेप गर्नुपर्ने आवाज उठाउँदै आएका थिए, जसको असर महोत्तरीमा पनि देखिएको छ ।

यद्यपि, जेनजी अभियानकर्मीहरूका अनुसार यो प्रतिनिधित्व पूर्ण रूपमा सन्तोषजनक भने छैन । उनीहरू भन्छन्, “सूचीमा केही युवा नाम देखिनु सकारात्मक सङ्केत हो, तर अझै पनि पहुँच र प्रभाव भएकाहरू नै प्राथमिकतामा परेको अनुभूति हुन्छ ।” यसअघि केही नयाँ र पुराना राजनीतिक दलहरूले समानुपातिकतर्फ प्रस्तुत गरेका उम्मेदवारहरूको सूचीमा पनि जेनजी आन्दोलनको भावना समेटिएको देखिए पनि ती नामहरू अधिकांशतः राजनीतिक पहुँच भएकै व्यक्तिहरू थिए ।

प्रतिनिधिसभा निर्वाचनमा महोत्तरीबाट आठ जना जेनजी पुस्ताका युवाहरू प्रत्यक्ष रूपमा चुनावी मैदानमा उत्रिएका छन् । निर्वाचन आयोगको तथ्याङ्क अनुसार तीमध्ये छ जना स्वतन्त्र उम्मेदवार हुन् भने दुई जना विभिन्न राजनीतिक दलबाट उम्मेदवार बनेका छन् । यो सङ्ख्या सानो देखिए पनि स्थानीय राजनीतिक इतिहासका हिसाबले महत्त्वपूर्ण मानिन्छ ।

क्षेत्र नम्बर १ बाट स्वतन्त्र उम्मेदवारका रूपमा शिव नारायण महतो र सचिन महतो चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । क्षेत्र नम्बर २ मा राज गुरु यादवले स्वतन्त्र उम्मेदवारी दिनुभएको छ । क्षेत्र नम्बर ३ बाट ‘नेपालका लागि नेपाली पार्टी’का तर्फबाट रजनिश राज पाण्डेय उम्मेदवार बन्नुभएको छ । क्षेत्र नम्बर ४ मा जनता लोकतान्त्रिक पार्टी नेपालका तर्फबाट शिव शंकर कुमार शर्मा उम्मेदवार हुनुहुन्छ भने यही क्षेत्रबाट स्वतन्त्र उम्मेदवारका रूपमा गंगाप्रसाद यादव, विनोदकुमार मण्डल र सुकेशकुमार यादव चुनावी मैदानमा हुनुहुन्छ ।

यी युवा उम्मेदवारहरूको साझा विशेषता भनेको पुरानो राजनीतिक शैलीप्रति असन्तुष्टि र नयाँ सोचसहितको हस्तक्षेप हो । उहाँहरु सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य र स्थानीय विकासलाई प्रमुख एजेन्डा बनाउँदै मतदातासामु पुग्नुभएको छ । धेरैजसो उम्मेदवार सामाजिक सञ्जाल, प्रत्यक्ष भेटघाट र सामुदायिक छलफलमार्फत मतदातासँग संवाद गरिरहनुभएको छ, जुन परम्परागत राजनीतिभन्दा फरक अभ्यास मानिन्छ ।

राजनीतिक विश्लेषकहरूका अनुसार जेनजी उम्मेदवारहरूको उपस्थिति जित-हारभन्दा पनि दीर्घकालीन रूपमा राजनीतिक संस्कार परिवर्तनको सङ्केत हो । “यी युवाहरूले जिते वा नजिते पनि उनीहरूको सहभागिताले आगामी निर्वाचनमा अझ बढी युवालाई प्रेरित गर्नेछ,” एक स्थानीय विश्लेषक बताउनुहुन्छ ।

महोत्तरीमा देखिएको यो परिवर्तन सानो भए पनि अर्थपूर्ण छ । यसले राजनीतिमा पुस्तान्तरणको बहसलाई बल दिएको छ र जेनजी पुस्ता अब सडक आन्दोलनबाट मात्र होइन, मतदान र उम्मेदवारीमार्फत पनि आफ्नो आवाज स्थापित गर्न खोजिरहेको स्पष्ट देखिन्छ ।

## बर्दिबासमा मोटरसाइकल दुर्घटना: एक जनाको मृत्यु, एक घाइते


**खबर दर्पण समाचारदाता**

**माघ १४ गते, बर्दिवास**

महोत्तरीको बर्दिबासमा बुधबार बेलुका भएको मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत शुभ स्वस्तिक अस्पताल अगाडि पूर्वतर्फबाट पश्चिमतर्फ जाँदै गरेको बागमती प्रदेश-०२-०१९ प-३१०३ नम्बरको मोटरसाइकल विपरीत दिशाबाट आएको पिकअप गाडी नजिकिँदा चालकले नियन्त्रण गुमाएर लड्दा दुर्घटना भएको प्रार म्भिक जानकारी प्राप्त भएको छ। दुर्घटनामा मोटरसाइकलको पछाडि सवार बर्दिबास नगरपालिका-१४ का शैलेश मगर गम्भीर घाइते भएका थिए। उनलाई उपचारका लागि शुभ स्वस्तिक अस्पताल पुऱ्याइए पनि उपचारकै क्रममा साँझ करिब ७ बजे मृत्यु भएको अस्पताल प्रशासनले जनाएको छ। सोही मोटरसाइकलका चालक बर्दिबास-१४ कै अबिनाश खड्का घाइते भएका छन्। अस्पतालका अनुसार खड्काको खुट्टा भाँचिएको छ भने उनको अवस्था सामान्य र हेको छ।

दुर्घटनापछि बर्दिबास नगर पालिकाका मेयर प्रह्लाद कुमार क्षेत्री अस्पताल पुगेका थिए। उनले मृतक परिवारप्रति समवेदना व्यक्त गर्दै आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी दिएका छन्। यसैबीच, दुर्घटनापछि भएको सम्पूर्ण उपचार खर्च शुभ स्वस्तिक अस्पतालले निशुल्क बेहोर्ने निर्णय गरेको अस्पताल प्रशासनले जनाएको छ।



# 'एक प्रहरी-एक फरार प्रतिवादी' अभियानबाट दुई हजार १५४ जना पक्राउ



खबर दर्पण समाचारदाता
**माघ १४ गते, बर्दिवास**

मधेश प्रदेश प्रहरी कार्यालयले प्रदेशमा शान्ति-सुरक्षा सुदृढ बनाउने उद्देश्यसहित फरार प्रतिवादी पक्राउ अभियानलाई उच्च प्राथमिकतामा राखेर तीव्र बनाएको छ। निर्वाचन लक्षित बुधबार जनकपुरधामस्थित प्रदेश प्रहरी कार्यालाई योजित पत्रकार सम्मेलनमा प्रदेश प्रहरी कार्यालयले निर्वाचन लाक्षित कार्याक्रमलाई व्यवस्थित र भय रहित बनाउन फरार प्रतिवादी पक्राउ अभियानलाई उच्च प्राथमिकतामा राखेर तीव्र बनाएको हो।

प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक एवम् प्रवक्ता कमल थापाले आन्दोलन, अपर ाध र कारागारबाट फरार घटनापछि प्रहरीको ध्यान कानुन कार्यान्वयन र दोषीलाई कानुनी दायरामा ल्याउनेतर्फ केन्द्रित फरार प्रतिवादी पक्राउ अभियानलाई प्राथमिकतामा राखेको बताउनुभएको हो।

प्रवक्ता थापाका अनुसार सञ्चालनमा रहेको 'एक प्रहरी-एक फरार प्रतिवादी' अभियान अन्तर्गत हालसम्म दुई हजार एक सय ५४ जना फरार प्रतिवादी पक्राउ परेका छन्। जघन्य अपराधमा संलग्न तथा अदालतबाट म्याद थप भई फरार रहेका व्यक्तिको खोजीलाई विशेष प्राथमिकताका साथ अघि बढाइएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

प्रहरी तथ्याङ्कअनुसार म्याद थप भई फरार भएका २४ जनामध्ये पाँच जनालाई पक्राउ गरिएको छ। यस्तै, कारागारबाट फरार एक हजार ४५ कैदीबन्दीमध्ये ५७९ जनालाई नियन्त्रणमा लिइएको छ। बाल सुधार गृहबाट फरार ६८ जनामध्ये २० जनालाई पक्राउ गरिएको छ। यसैगरी, फरार प्रतिवादी पक्राउ अभियानसँगै मधेश प्रहरीले संगठनभित्र आन्तरिक शुद्धिकरण र जिम्मेवारीलाई पनि अघि बढाएको प्रवक्ता थापाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "४४३ जना प्रहरीको काज तथा अदली-बदली गरिनुका साथै लामो समय एउटै जिम्मेवारीमा रहेका प्रहरीलाई स्थानान्तरण गर्दै १५ वर्ष ट्राफिक ड्युटीमा रहेका ३२ जना तथा सादा पोशाकमा कार्यरत ९७ जनाको जिम्मेवारी परिवर्तन गरिएको छ।"

प्रहरीले हत्या, डकैती, लागुऔषध, मानव बेचबिखनजस्ता जघन्य अपराध अनुसन्धानलाई तीव्र बनाइएको जनाएको छ। फरार अभियुक्त पक्राउ मार्फत अपराध नियन्त्रण र जनविश्वास पुनःस्थापना गर्ने उद्देश्य लिइएको प्रहरीको भनाइ समेत रहेको छ।

यस्तै, प्रदेश प्रहरी कार्यालयले आगामी दिनमा पनि फरार प्रतिवादी पक्राउ अभियानलाई निरन्तरता दिँदै प्रदेशमा कानुनी शासन र दीगो शान्ति कायम गर्न थप सशक्त सुरक्षा रणनीति अपनाइने जनाएको छ।

मधेश प्रदेश प्रहरीका अनुसार आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि कडा सुरक्षा व्यवस्था गरिएको छ। निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गराउन १४ हजार ३ सय जना नेपाल प्रहरी तथा २८ हजार २९५ जना निर्वाचन प्रहरी परिचालन गरिनेछ।

मधेशका आठ जिल्लामा रहेका ३२ निर्वाचन क्षेत्रमा कुल दुई हजार १६० मतदानस्थल र चार हजार ४७१ मतदान केन्द्र रहेका छन्। तीमध्ये एक हजार २४६ मतदानस्थललाई अतिसंवेदनशीलको सूचीमा राखिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

# परराष्ट्रमन्त्री बालानन्द शर्माद्वारा महोत्तरीका मतदान केन्द्रको अनुगमन

खबर दर्पण समाचारदाता
**माघ १४ गते, बर्दिवास**



परराष्ट्रमन्त्री बालानन्द शर्माले फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीबारे जानकारी लिन महोत्तरीको सिमावर्ती क्षेत्रको अनुगमन गर्नुभएको छ।

बुधबार सदरमुकाम जलेश्वर आइपुग्नु भएका परराष्ट्रमन्त्री शर्माले सीमावर्ती गाउँ मलिवाडा र नैन्ही स्थित मतदान केन्द्रको स्थलगत निरीक्षण अनुगमन गर्नुभएको हो।

अनुगमन पश्चात प्रतिक्रिया दिनु हुँदै मन्त्री शर्माले फागुन २१ गते हुने निर्वाचनको तयारी बारे जानकारी लिन महोत्तरी आएको बताउनुभयो।

"महोत्तरी आउनुको मुख्य कारण नेपाल सरकारले निर्वाचनका लागि कुन किसिमको सहयोग गरिदिनु पर्छ, कुनै किसिमको कठिनाई छ कि ? त्यो बुझ्न आएको छुँ", उहाँले भन्नुभयो।

निर्वाचनको अर्को कुनै विकल्प छैन, निर्वाचन गर्नैपर्छ। सुरक्षा अधिकारीलाई निर्वाचन लक्षित निर्देशन दिँदै मन्त्री शर्माले स्वच्छ, भय रहित र निष्पक्ष निर्वाचन गराउन सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभएको छ।

परराष्ट्रमन्त्री शर्माले जिल्लाका सुरक्षा अधिकारीसँग महोत्तरीमा निर्वाचनलाई लक्षित गरी बनाइएको सुरक्षा योजनाबारे जानकारी समेत लिनुभएको छ। मन्त्री शर्मालाई महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव लगायतका सुरक्षा अधिकारीले जिल्लाको चुनावी सुरक्षा तयारीबारे जानकारी गराउनुभएको थियो।

# धनुषाका मतदान केन्द्रको उच्चस्तरीय अनुगमन, सुरक्षा तयारीबारे समीक्षा

खबर दर्पण समाचारदाता
**माघ १४ गते, महेन्द्रनगर**

प्रतिनिधिसभा निर्वाचन २०८२ लाई लक्षित गर्दै धनुषा जिल्लाका विभिन्न मतदान केन्द्रमा उच्चस्तरीय टोलीले स्थलगत अनुगमन गरेको छ।

परराष्ट्र मन्त्री बालानन्द शर्मा, मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री फकीरा महतो, प्रमुख सचिव कमल भट्टराईसहित सुरक्षा निकायका उच्च अधिकारीहरूको टोलीले मतदान स्थलको निरीक्षण गरेको हो।

अनुगमन टोलीमा नेपाली सेनाका पृतनापति कृष्णबहादुर जिसी, प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेल, प्रदेश प्रहरी प्रमुखलगायत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

टोलीले मतदान केन्द्रको भौतिक संरचना, मतदाताको पहुँच, सुरक्षा व्यवस्थापन, शान्ति सुरक्षाको अवस्था तथा निर्वाचन सञ्चालनका पूर्वतयारीको अवस्थाबारे स्थलगत अवलोकन गरेको थियो। साथै, सम्भावित जोखिम न्यूनीकरण र शान्तिपूर्ण निर्वाचन सुनिश्चित गर्न आवश्यक तयारीबारे जानकारी लिइएको थियो।

अनुगमनपछि सम्बन्धित निकायबीच निर्वाचन तयारी र सुरक्षा व्यवस्थापनका विषयमा समीक्षा बैठकसमेत सम्पन्न भएको छ। बैठकमा संवेदनशील क्षेत्रको पहिचान, सुरक्षाकर्मी परिचालन, निगरानी प्रणाली तथा मतदाता सुरक्षाबारे विस्तृत छलफल गरिएको बताइएको छ।

सरकारी अधिकारीहरूले निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सबै निकायबीच समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाइने प्रतिबद्धता जनाएका छन्। साथै, मतदातालाई ढुक्क भएर मतदानमा सहभागी हुन आग्रह गरिएको छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |


### महेन्द्रनगर


एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिजज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जसपा नेपालले पूर्वमन्त्रीसहित आठ जना पार्टीबाट निष्कासन



**खबर दर्पण समाचारदाता**
**माघ १४ गते, बर्दिवास**

जनता समाजवादी पार्टी (जसपा) नेपालले प्रतिनिधि सभा निर्वाचनको आधिकारिक उम्मेदवारविरुद्ध उम्मेदवारी दिएको आरोपमा पूर्वमन्त्री हरि नारायण यादवसहित आठ जनालाई पार्टीबाट निष्कासन गरेको छ।

पार्टीको नीति र निर्णयविपरीत कार्य गरेको भन्दै जसपा नेपालले बुधबार विज्ञप्ति जारी गर्दै पूर्वमन्त्री हरिनारायण यादव, प्रदीप यादव (पर्सा), चन्दनकुमार सिंह (बारा), आत्माराम साह (बारा), कमरुल्लाह अन्सारी (बारा), उदयकान्त मिश्र (सर्लाही), नवलकिशोर सिंह (बारा) र डा. शिवजी यादव (महोत्तरी)लाई कारबाही गरेको जनाएको छ।

मनोनयन दर्ताको क्रममा हरि नारायण यादवले महोत्तरी क्षेत्र नं. ३ बाट पार्टीकी आधिकारिक उम्मेदवार डा. मिनाक्षी ठाकुर विरुद्ध स्वतन्त्र उम्मेदवारी दर्ता गरेका थिए। उनी हाल चुनावी प्रचारप्रसारमा सक्रिय रहेका छन्।

पार्टीका संरक्षक महन्थ ठाकुर र अध्यक्ष उपेन्द्र यादवद्वारा जारी विज्ञप्तिमा पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध उम्मेदवारी दिएको र पार्टीको हितविपरीत कार्य गरेको ठहर गर्दै आजकै मितिदेखि उनीहरूलाई पार्टीबाट निष्कासन गरिएको उल्लेख गरिएको छ।

# जो ४४ वर्षदेखि लगातार....

तथा संस्कृति मन्त्री भए। थापाले २०५४ कात्तिक ११ गते र २०५४ मंसिर १८ गते मन्त्रीमण्डल पुनर्गठन गरे। दुवै हेरफेरमा भण्डारी पुनः युवा खेलकुद तथा संस्कृति मन्त्री नै कायम रहे।

२०५६ जेठ १७ गते कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारमा उनी युवा, खेलकुद र संस्कृति मन्त्री नियुक्त भएका थिए। भट्टर ाईले २०५६ असार १६ गते र २०५६ फागुन २७ गते मन्त्रीमण्डल हेरफेर गरे। पहिलो हेरफेरमा उनी युवा, खेलकुद तथा संस्कृति मन्त्री र दोस्रो हेर फेरमा उनी स्वास्थ्य मन्त्री नियुक्त भए।

२०५८ साउन ११ गते शेरबहादुर देउवा नेतृत्व सरकारमा उनी स्वास्थ्य मन्त्री नियुक्त भए। २०५८ कात्तिक २ गते देउवाले मन्त्रीमण्डल हेरफेर गरे। त्यसमा उनी स्वास्थ्य मन्त्री नियुक्त भए। २०६५ जेठ ११ गते माधव नेपाल नेतृत्व सरकारमा उनी पर्यटन तथा नागरिक उड्डयन मन्त्री नियुक्त भए। यसै गरी २०६८ भदौ २९ गते डा. बाबुराम भट्टर ाई नेतृत्व सरकारमा उनी रक्षा मन्त्री नियुक्त भए।

२०७८ जेठ २१ गते केपी शर्मा ओली नेतृत्व सरकारमा उनी छोटो समयका लागि ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्री नियुक्त भए। यसै गरी २०७९ चैत १७ गते पुष्पकमल दाहाल नेतृत्व सरकारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री नियुक्त भए।

केपी शर्मा ओली नेतृत्व पछिल्लो सरकारमा उनी पुनः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री नियुक्त भए। भण्डारीले मरीचमान सिंह श्रेष्ठ, शेरबहादुर देउवा, कृष्णप्रसाद भट्टराई, सूर्यबहादुर थापा, माधव नेपाल, बाबुराम भट्टराई, केपी शर्मा ओली, पुष्पकमल दाहाल सर कारमा मन्त्री भइसकेका छन्। यसै गरी यस पटक लमजुङमा एमालेबाट प्रतिनिधि सभा सदस्यको लागि उम्मेदवारी दिएका पृथ्वी सुब्बा गुरुङले पनि २०४३ साल देखि हरेक निर्वाचनमा उम्मेदवारी दिँदै आएका छन्। यस पटक उनको नवौं पटकको उम्मेदवारी हो।




# गौशालामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ सुरु



**खबर दर्पण समाचारदाता**
**माघ १४ गते, बर्दिवास**

महोत्तरीको गौशाला नगर पालिकामा नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ को बुधबार औपचारिक उद्घाटन गरिएको छ।शिक्षा तथा खेलकुद शाखाको आयोजनामा सञ्चालन भएको प्रतियोगिताको उद्घाटन एक विशेष कार्यक्रमकाबीच नगर प्रमुख डा. दिपेन्द्र महतोले गर्नुभयो। उद्घाटन समारोहलाई सम्बोधन गर्दै नगर प्रमुख महतोले खेलकुदले विद्यार्थीको शारीरिक, मानसिक तथा नैतिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। उहाँले विद्यालय तहदेखि नै खेलकुदलाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

नगर प्रमुख महतोले खेलकुद केवल जित-हारको विषय नभई जीवन अनुशासन, सहकार्य र नेतृत्व विकासको महत्वपूर्ण माध्यम भएको उल्लेख गर्नुभयो। "पढाइसँगै खेलकुदलाई सन्तुलित रूपमा अघि बढाउन सके स्वस्थ, सक्षम र अनुशासित नागरिक उत्पादन गर्न सकिन्छ," उहाँले भन्नुभयो। उहाँले नगर पालिकाले विद्यालयस्तरमै खेल संरचना सुदृढ गर्ने, प्रशिक्षक व्यवस्थापन गर्ने तथा नियमित प्रतियोगितामार्फत प्रतिभाशाली खेलाडीलाई प्रोत्साहन गर्ने नीति लिएको जानकारी दिनुभयो। साथै, स्थानीय तहबाटै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्ने लक्ष्यका साथ खेलकुद क्षेत्रमा लगानी बढाइने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा शिक्षा शाखा संयोजक संजय महतोको अध्यक्षता रहेको थियो। कार्यक्रममा विशिष्ट अतिथि ओमबहादुर अधिकारी, वडा नम्बर ४ का अध्यक्ष रामु महासेठ, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक-शिक्षिकाहरू तथा खेलप्रेमीहरूको उपस्थिति रहेको थियो।उद्घाटन समारोहमा नगरभित्रका विभिन्न विद्यालयका विद्यार्थीहरूले नृत्य तथा अनुशासित मार्चपास्ट प्रस्तुत गर्दै कार्यक्रमलाई थप आकर्षक बनाएका थिए।

आयोजकका अनुसार प्रतियोगितामा सामुदायिक र निजी गरी जम्मा १८ वटा विद्यालयको सहभागिता रहेको छ। प्रतियोगिताअन्तर्गत एथलेटिक्ससहित विभिन्न खेल विधामा विद्यार्थीहरूबीच प्रतिस्पर्धा हुने जनाइएको छ। प्रतियोगिताले विद्यार्थीहरूमा अनुशासन, खेल भावना र नेतृत्व विकासमा टेवा पुग्ने विश्वास आयोजकले व्यक्त गरेका छन्।



# जो ४४ वर्षदेखि लगातार चुनाव लडिरहे, अहिले १० औं पटक उम्मेदवारी

**खबर दर्पण समाचारदाता**
**माघ १४ गते, बर्दिवास**




यस पटकको प्रतिनिधि सभा निर्वाचनका लागि महोत्तरी-२ बाट उम्मेदवारी दिएका शरत्सिंह भण्डारी यस्ता पात्र हुन जसले २०३८ सालदेखि हालसम्म लगातार सबै निर्वाचनमा उम्मेदवारी दिँदै आएका छन्।

भण्डारीले यस पटक दिएको उम्मेदवारी १० औं पटक हो। यसअघि ९ वटा निर्वाचनमा उनी उम्मेदवार भइसकेका थिए। ६ पटकका निर्वाचनमा उनी जितेका छन् भने, तीन पटक पराजित भएका छन्।

हरेक पटकका निर्वाचनमा फरक फरक दलबाट निर्वाचन लडेको इतिहास पनि उनको छ। यस पटक भने जनता समाजवादी पार्टी (जसपा) नेपालबाट उम्मेदवारी दिएका छन्।

भण्डारीनिकट स्रोतले दिएको जानकारी अनुसार सुरुमा भण्डारीले ०३८ मा तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य(रपस)को चुनाव लडेका थिए। त्यति बेला उनले महोत्तरीबाट चुनाव लडेर विजयी भएका थिए। भण्डारी लडेको दोस्रो चुनाव २०४३ को रापसकै थियो। महोत्तरी-२ बाट लडेका उनी त्यसमा पनि उनी विजयी भएका थिए।

०४६ को परिवर्तनपछि पनि भण्डारी उम्मेदवार हुन छाडेनन्। २०४८ को प्रतिनिधिसभा निर्वाचनमा उनी राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)बाट महोत्तरी-५मा चुनाव लडेका थिए। त्यो बेला उनले ९ हजार ४५४ भोट ल्याए, तर चुनाव जित्न सकेनन्।

२०५१को मध्यावधि प्रतिनिधिसभा निर्वाचनमा भण्डारी महोत्तरी-४ बाट स्वतन्त्र उम्मेदवार बने। त्यति बेला ११ हजार ३९५ मत ल्याएर विजयी भए।

०५६ मा भने उनी नेपाली कांग्रेस प्रवेश भए। कांग्रेसले उनलाई महोत्तरी-५ मा उम्मेदवार बनाएको थियो। त्यति बेला उनले २० हजार ४८६ भोट ल्याएर जितेका थिए।

०६४ मा उनी मधेसी जनअधिकार फोरमतिर लागे। पहिलो संविधानसभा निर्वाचनमा उनी महोत्तरी-६मा उम्मेदवार बने। त्यति बेला उनले १२ हजार १९४ भोट ल्याए पनि पराजित भएका थिए।

२०७० को दोस्रो संविधान सभा निर्वाचनमा राष्ट्रिय मधेस समाजवादी पार्टीबाट भण्डारी महोत्तरी-६ र महोत्तरी-१ गरी दुई ठाउँमा चुनाव लडेका थिए। दुवै ठाउँमा उनी पराजित भए। त्यो बेला महोत्तरी-१ मा ७ हजार ४९ र महोत्तरी-६ मा ६ हजार ६६० मत पाएका थिए।

२०७४ को प्रतिनिधिसभा निर्वाचनमा भण्डारी राष्ट्रिय जनता पार्टी(राजपा) बाट महोत्तरी-२ मा उम्मेदवार बनेका थिए। त्यति बेला ३० हजार ७२२ मत ल्याएर चुनाव जिते।

२०७९को निर्वाचनमा उनी लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)मा पुगिसकेका थिए। त्यो बेला उनले महोत्तरी-२ रोजेका थिए। यो चुनाव पनि उनले जितेका थिए।

भण्डारीले १० पटक चुनाव लडेका मात्र छैनन्, २० पटक मन्त्री भएर रेकर्ड समेत कायम गरेका छन्। उनी पहिलो पटक २०४३ असार २ गते मरिचमानसिंह श्रेष्ठ नेतृत्वको सरकारमा पञ्चायत तथा स्थानीय विकास सहायक मन्त्री भएका थिए।

त्यसपछि मन्त्री हुने उनको यात्रा निरन्तर जारी रह्यो । २०४५ कात्तिकमा उनी श्रेष्ठ नेतृत्व सरकारमै राज्यमन्त्रीमा नियुक्ति भए।

मरीचमान सरकार ०४६ भदौ १४ गते र ०४६ चैत १९ गते हेरफेर भयो। दुवै हेरफेरमा उनी वाणिज्य राज्यमन्त्री भए। दुवै पटक उनले राज्यमन्त्रीका रूपमा शपथ लिए।

०४६ सालको परिवर्तनपछि गणतन्त्र कार्यान्वयन नहुँदासम्म उनी ११ पटक मन्त्री भएका छन्। गणतन्त्रपछि अहिलेसम्म पाँच पटक मन्त्री भएका छन्।

बहुदल आएपछि भण्डारी २०५२ मंसिर २६ गते शेरबहादुर देउवा नेतृत्वको सरकारमा बिना विभागीय राज्यमन्त्री भएका थिए। २०५३ जेठ ४ गते मन्त्रिमण्डल हेरफेर हुँदा उनी पुनः बिना विभागीय राज्यमन्त्री भए।

२०५३ पुस २४ गते भएको हेरफेरमा भने उनी राज्यमन्त्रीबाट मन्त्रीमा बढुवा भए। तर त्यति बेला पनि उनी बिना विभागीय मन्त्री बनेका थिए।

२०५४ असोज २७ गते सूर्यबहादुर थापा नेतृत्वको सरकारमा उनी युवा, खेलकुद

बाँकी पृष्ठ ३ मा

# कमला नदीमा अस्थायी 'डाइभर्सन' निर्माण

**खबर दर्पण समाचारदाता**
**माघ १४ गते, बर्दिवास**

हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा सिमानामा पर्ने कमला नदीमा अस्थायी 'डाइभर्सन' निर्माण भएसँगै सवारी आवतजावत सहज भएको छ ।

वर्षौंदेखि भासिएको पुलको विकल्पमा 'ह्युमपाइप' राखेर डाइभर्सन बनाइएपछि साना-ठूला सबै प्रकारका सवारीसाधन सञ्चालनमा सहज भएको छ । हप्तादिन अघिदेखि नै सार्वजनिक सवारी चल्न थालेको जानकारी दिँदै सिरहा नगर पालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवले भने, 'हाल सबै प्रकारका सवारीसाधनहरूको सहज आवतजावत सुरु भइसकेको छ । यसले स्थानीय बासिन्दा र छोटो रुटबाट मधेस प्रदेशको राजधानी जनकपुर जाने यात्रुलाई ठूलो राहत मिलेको छ ।'

गत मङ्सिर ५ गते निवर्तमान भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङले पुलको स्थलगत अनुगमन गर्दै पुनर्निर्माणको काम तत्काल अघि बढाउन निर्देशन दिएका थिए । त्यस क्रममा उनले काम सन्तोषजनक नभए ठेक्का तोड्ने चेतावनी दिँदै तत्काल अस्थायी रूपमा आवत-जावतको व्यवस्था मिलाउनसमेत निर्देशन दिएका थिए । घिसिङको निर्देशनलगत्तै निर्माण कम्पनीले ह्युमपाइप राखेर डाइभर्सन तयार पारेको हो ।

यसअघि स्थानीय युवाले निर्माण गरेको बाँसको पुलबाट शुल्क तिरेर जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता थियो । बर्खायाममा बाँसको पुल बाढीले बगाउँदा स्थानीयले डुङ्गाको सहारामा ज्यान जोखिममा राखेर नदी वार पार गर्दै आएका थिए ।

# औरही नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मितिः२०८२।१०।१५)

| क्र.स | ठेक्का नं. | योजनाको नाम | सारभूत रुपमा प्रभावग्राही फर्मको नाम | कबोल रकम रु.मू.अ.क. बाहेक |
|---|---|---|---|---|
| १ | AM/NCB/WORKS/01/082-083 | Bipann Dalit Pariwar Ka Ghardhuri haru lai Aabas ko Lagi Bhawan Nirman(Dalit Aabas Karyakaram) | RADIANT-BLUESPHERE JV BARDIBAS- 01, MAHOTTARI,NEPAL | रु.३०४७६९९९.०० |

यस कार्यालयबाट मिति २०८२/०७/०२ गते खबर दर्पण राष्ट्रिय दैनिक पत्रिका प्रथमपटक प्रकाशित विद्युतिय बोलपत्रको सूचना अनुसार तपसिल बोलपत्रको लागी दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बोलपत्रदाता को बोलपत्र मुल्याङ्कन समितिबाट स्वीकृतका लागि सिफारिस भएअनुसार स्वीकृत गर्ने निर्णय भएकोले सार्वजनिक खरिद, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,